# छत्रकोट गाउँपालिका
# गुल्मी
# आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रम

**छत्रकोट गाउँपालिकाका सम्पूर्ण सभासदहरु,**

आज म तपाईंहरुको अगाडि आ.व. ०७८/०७९ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न उभिएको छु, यस घडीमा म सर्वप्रथम यो जिम्मेवारी हामी जनप्रतिनिधिहरुलाई आफ्नो अमूल्य मत, विश्वास दिएर स्थानीय सरकारको वागडोर सम्हाल्ने अवसर प्रदान गर्ने मतदाताहरु, राष्ट्रसेवक कर्मचारीहरु, सम्पूर्ण छत्रकोटबासी एवं सबै क्षेत्र बाट सहयोग गर्ने सम्बद्ध पक्षलाई सम्मान व्यक्त गर्दछु ।

१. कोभिड-१९ को दोस्रो भेरियन्टको रुपमा आक्रान्त भईरहेको विषम परिस्थितिमा हामी दशौं गाउँसभामा सहभागी भएका छौं ।

२. यस घडिमा देश र जनताको निमित्त आफ्नो प्राण उत्सर्ग गर्ने सम्पूर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति श्रद्धासुमन अर्पण गर्दै भावपूर्ण श्रद्धाञ्जली टक्र्याउँछु, सम्पूर्ण अग्रजहरु प्रति सम्मान व्यक्त गर्दछु । कोभिड-१९ को कारणबाट ज्यान गुमाउने प्रति हार्दिक श्रद्धाञ्जली एवं परिवारजनमा समवेदना र संक्रमितको स्वास्थ्य लाभको कामना गर्दछु ।

३. छत्रकोट बासी जनतामा नजिकको सरकार स्थानीय सरकार हो भन्ने अनुभूती दिलाउन सफल भएका छौं भन्ने हाम्रो विश्वास छ ।

४. **"कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधार-समृद्ध जनता हाम्रो प्रतिवद्धता"** मा साथ सहयोग दिई दशौं गाउँ सभा सम्म आइपुग्दा, पारित नीति र कार्यक्रम कार्यान्वयन गर्न जनप्रतिनिधिहरु, कर्मचारी र छत्रकोट वासी सम्पूर्ण जनताहरु र सरोकारवाला सबैबाट प्राप्त पूर्ण सहयोग र तत्परताका लागि सम्पूर्ण प्रति म सम्मान व्यक्त गर्दछु ।

५. आ.व. ०७४/७५, ०७५/७६, ०७६/७७ र ०७७/०७८ मा प्रस्तुत नीति तथा कार्यक्रमको कार्यान्वयनबाट प्राप्त परिणाम समेतलाई हेर्दा छत्रकोटवासी बीच गरेको प्रतिवद्धतालाई पुरा गर्न हामीले गर्दै आएको प्रयत्न सम्पूर्ण छत्रकोटवासीले अनुभूति गर्नु भएको छ भन्ने महसूस गरेको छु ।

६. काममा सहजीकरण गर्न तथा नागरिक अपेक्षालाई सहज ढंगबाट पुरा गर्न गठन गरिएका २८ वटै व्लकहरुलाई थप संस्थागत रुपमा विकास गर्दै लगिनेछ ।

७. काठका पोलहरु मुक्त गाउँपालिका यस अगाडिको सभामा घोषणा गरिसकेको स्मरण गराउँदछु । खानेपानी योजनाहरु सञ्चालन गरी घरघरमा खानेपानी पुर्याउने हाम्रो लक्ष्य पुरा हुँदैछ ।

८. कृषि तथा पशुपालनमा प्राविधक सहयोग, औजार उपकरण अनुदान कार्यक्रम, उत्पादनमा आधारित अनुदान दुधमा दिंदै आएको अनुदान कार्यक्रमलाई निरन्तरता दिएका छौं ।

९. कोभिड-१९ को नियन्त्रण गर्न स्थानीय सरकारको तर्फबाट आ.व. ०७७/०७८ मा संस्थागत आईसोलेशन निर्माण, होम आईसोलेशन बस्ने संक्रमितलाई जनप्रतिनिधि, सुरक्षाकर्मी समेतबाट निरन्तर परामर्श सेवा, स्वास्थ्य सामाग्री, स्वास्थ्यकर्मीको व्यवस्थापन समेतका यथेष्ट प्रयत्न गरिएको छ । संघीय र प्रदेश सरकारबाट समेत सहयोग भईरहेको एवं देश विदेशमा रहेका नागरिकहरुबाट समेत पर्याप्त सहयोग आएको छ ।

१०. कोभिड-१९ बाट हामी मुक्त नभएको अवस्थामा छौं । यसलाई नियन्त्रण गर्न प्राप्त अनुभवलाई संस्थागत गर्दै आ.व. ०७८/०७९ मा सबै नागरिकहरुलाई कोभिड-१९ विरुद्धको खोप लगाउनका लागि आवश्यक अधिकतम पहल गरिनेछ ।

११. स्वास्थ्य क्षेत्र महत्वपूर्ण क्षेत्र हो, हामी सबै पूर्ण स्वस्थ भई बाँचे मात्र अरु कामको अर्थ रहन्छ भन्ने मूल मर्मलाई आत्मसात गरी अगाडि बढ्ने नीति लिईएको छ, जसका लागि श्रृङ्गामा १५ शैयाको अस्पताल बनाउने, वडा नं. ३ को स्वास्थ्य चौकी भवन, नागरिक आरोग्य केन्द्रको सेवा विस्तार र भवन निर्माणमा जोड दिई स्वास्थ्यकर्मीको पदपूर्ति र व्यवस्थापन गरी रोग लाग्नु पूर्व प्रिभेन्टीभ सचेतनामा प्राथमिकता दिंदै औषधी लगायत अन्य स्वास्थ्य उपकरण प्रबन्धमा ध्यान पुर्याईनेछ । उपलब्ध स्वास्थ्य सामाग्रीको व्यवस्थापनमा विशेष जोड दिईनेछ ।

१२. महामारीमा समेत अग्रपंक्तिमा रहेर काम गर्ने स्वास्थ्यकर्मीलाई प्रेरित र सम्मान गर्ने नीति लिईनेछ ।

१३. गाउँपालिका कार्यालयमै स्वास्थ्यकर्मी मौजुदा रहेकाले आकस्मिक प्राथमिक जाँच गर्ने व्यवस्था मिलाइनेछ ।

१४. कोभिड-१९ को तेस्रो भेरियन्ट समेत आउने सम्भावना बढीरहेको स्वास्थ्य विज्ञहरुको भनाई आएकोले सम्भावित थप महामारीको बारे समयमै तयारी गर्ने नीति लिईनेछ ।

## विषय क्षेत्रगत नीति तथा कार्यक्रमहरु:

### कोभिड-१९

कोभिड-१९ ले सिर्जना गरेका अवस्थाका कारण बाहिर वस्नेहरु घरमा आई परिवारका सदस्यहरु एकैठाउँमा बस्ने स्थिति सृजना भएकोले यस अवस्थालाई स्वरोजगार तथा स्वनिर्भर बन्ने, बनाउने

वातावरण बनाउन पर्छ भनि यसलाई बाँझो जग्गा उत्पादन गर्न सकिने अवसरको रुपमा प्रयोग गर्नु पर्छ भन्ने नीति लिईएको छ।

कोरोना महामारीबाट बच्न बचाउन स्वास्थ्य मापदण्ड पालन गर्ने गराउने को संयमता देखाउने सबै नागरिकहरु, ब्लक स्तरिय समितिहरु, स्वास्थ्य सेवामा अनवरत खट्ने स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मी, सन्देश प्रवाह गर्ने सञ्चारकर्मी, राजनैतिक पार्टी, सामाजिक अभियान्ता, नागरिक समाज, वडा र ब्लक स्तरका समिति स्वास्थ्य सामाग्री तथा अन्य राहतमा सहयोग गर्ने सहयोगी दाताहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति म प्रशंसा गर्दै हार्दिक आभार एवं धन्यवाद टक्राउँदछु।

## १. स्वास्थ्य:

- श्रृङ्गा प्राथमिक स्वास्थ्य केन्द्र स्तरोन्नती भई १५ शैय्याको अस्पताल निर्माणको कार्य प्रारम्भ गरिनेछ।
- वडा नं.-२, पाल्टुङ र वडा नं.-६, गैरीखुट्टामा १/१ वटा सामुदायिक स्वास्थ्य इकाई थप्ने नीति लिईनेछ।
- स्वास्थ्य चौकी भवन वडा नं. ३ को हर्दिनेटामा प्रारम्भ भएको र निर्माण कार्य पुरा गरिनेछ।
- सामुदायिक स्वास्थ्य इकाईमा कार्यालय सहयोगी राखिनेछ।
- सबै स्वास्थ्यकर्मीलाई पुर्नताजगी तालिम व्यवस्था गर्दै प्रभावकारी स्वास्थ्य सेवा जनतामा पुर्याउन संभव उपायहरु सबै अवलम्बन गरिनेछ।
- स्वास्थ्यका कर्मचारी एवं सबै कर्मचारीको मनोवल उच्च रहने गरी तालिम र सेवा सुविधा बारे कामको आधारमा ध्यान पुर्याइनेछ।
- औषधीको नियमित आपूर्ति गरिनेछ।
- गाउँपालिकास्तरमा प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक स्वास्थ्य सेवा सञ्चालन गर्ने विधिको निरन्तरता रहने छ।
- स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रबर्द्धन गरिनेछ।
- स्थानीय पोषणयुक्त खानालाई प्रोत्साहन गर्ने तथा व्यवहार परिवर्तनमा दिगोपना ल्याउनका लागि प्रचार-प्रसारका माध्यमबाट बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन गरिनेछ।

- आयातित पत्रु खाना (Junk Food) विस्थापित गरी स्थानीय पोषणयुक्त खानालाई प्रवर्द्धन गर्ने नीति लिईनेछ।
- गाउँपालिकालाई अण्डा उत्पादन र उपभोग आत्मनिर्भर गराउने नीती लिइनेछ।
- सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोगमा नियमन गर्ने एवं सचेतना अभिबृद्धि गर्न विभिन्न कार्यक्रम सञ्चालन गरिनेछ।
- स्वास्थ्य संस्थाको नियमन र आ.व.०७७।०७८ मा सरकारी र अन्य सहयोग दाता बाट प्राप्त नष्ट नहुने अक्सिजन सिलिण्डर, अक्सिजन कन्सन्टेटर, जेनेरेटर लगायतका सामाग्रीहरुको व्यवस्थित अभिलेखीकरण गर्ने व्यवस्था मिलाईने छ।
- **"असहाय स्वास्थ्य उपचार सहायता कोष"** को स्थापना गरिसकिएको छ र यसलाई निरन्तरता दिइनेछ। यो कोषमा जुनसुकै व्यक्ति, संस्थाले सहयोग गर्ने विद्यमान व्यवस्था कायमै रहनेछ।
- सुगर ब्लड प्रेसरका विरामीलाई लक्षित गरी **"गाउँपालिका सुगर प्रेसर पहिचान र न्यूनीकरण कार्यक्रम"** लाई निरन्तरता दिइनेछ।
- पूर्ण सँस्थागत सुत्केरी (No Home Delivery) गाउँपालिका बनाउने नीति यथावत छ। यसको लागि सवै स्वास्थ्य सँस्थामा वर्थिङ सेन्टर स्थापना गरी घरमै सुत्केरी हुने प्रचलनलाई अन्त्य गर्दै सँस्थागत सुत्केरी हुने व्यवस्था मिलाइने छ। No Home Delivery गा.पा. घोषणा गरिनेछ।
- सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडी बढाउन गर्भवती झण्डा एवं पोषण कार्यक्रमको निरन्तरता रहनेछ।
- स्वास्थ्य संस्थाहरुको भौतिक पक्षमा सुधार तथा कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाहलाई सुदृढ पारिनेछ।
- महिला स्वास्थ्य स्वयंसेविकालाई मासिक प्रोत्साहन रकम (Incentive Money) प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिंदै मासिक ४००।– थपिने छ।
- स्वास्थ्यकर्मीको माध्यमद्वारा विद्यालय र समुदायमा स्वास्थ्य सन्देश प्रवाह गर्ने व्यवस्था यथावत रहनेछ।
- गुणस्तरीय उपचार सेवा प्रदान गर्न क्रमश: स्वास्थ्य संस्थाहरुमा प्रयोगशाला सेवा बढाइनेछ।

- मुटुरोग, मृगौलारोग, क्यान्सर, दम जस्ता गम्भीर प्रकृतिका रोगको बारे सचेतना कार्यक्रम संचालन गरिनेछ।
- स्वास्थ्य विमा कार्यक्रमलाई थप प्रभावकारी बनाई विपन्न परिवारलाई गरिबी परिचयपत्र वितरण गर्ने संघीय सरकारको कार्यक्रमलाई यथासिघ्र पहल गरिनेछ।
- कोभिड व्यवस्थापनको प्रथम चरणमा क्वारेन्टाईनमा बढी जोड दिईएकोमा दोस्रो चरणमा संस्थागत र होम आईसोलेशनमा संक्रमितलाई राख्ने व्यवस्था गर्यौं। स्वास्थ्यकर्मीको नियमित रेखदेखमा जनप्रतिनिधिहरुले पर्याप्त ध्यान दिनुका साथै अन्य क्षेत्रबाट समेत सहयोग रह्यो।

## २. कृषि / पशुपालन:

- दिगो विकास लक्ष्यलाई (SDG Goals) पछ्याउन जलवायु अनुकूल आत्मनिर्भर एवं निर्यातमुखी उत्पादनमा जोड दिंदै कृषि क्षेत्रमा फड्को मार्ने गरी दिगो विकास गर्ने।
- गाउँपालिकालाई **"किसानको भरोसाको सरकार"** को रुपमा अगाडी बढाइनेछ।
- **"सबै किसानको घरदैलोमा प्राविधिक सेवा-कृषि उपजमा टेवा"** भन्ने नारालाई सार्थकता प्रदान गरिनेछ।
- **"छत्रकोट गाउँपालिकाको पहिचान उँखु उत्पादन हाम्रो सान"** भन्ने नारालाई आत्मसात गर्दै प्रत्येक वडामा एक उत्पादन पहिचानको रुपमा तोकी आएकेमा वडा नं. ५ मा अदुवा खेती प्रारम्भ गरिएको र अन्य साविकको निरन्तरता रहनेछ।
- छत्रकोट गाउँपालिकालाई उँखु, दुध र मासु उत्पादनमा आत्मनिर्भर भएको गाउँपालिका घोषणा गरिन्छ।
- सुन्तला, कागती, कफी, भुँकटहर, केरा लगायतका नगदे बालीहरुको उत्पादनमा विशेष जोड दिईनेछ।
- कोरोना भाइरसका कारण स्वदेश फर्केका व्यक्तिहरुलाई लक्षित गरेर कृषि पशुपालन कार्यक्रम राखिनेछ।
- माटो परीक्षण गरी कृषि पकेट क्षेत्रको घोषणा कार्यक्रमहरु अगाडी बढाइनेछ र वडा नं. ३ को छाप लसुन, अगाँह-मनभाक क्षेत्र आलु, झेर्दी कफी, लसुन र अकवरे खुर्सानी पकेटको रुपमा विकास गरिनेछ । लुम्छा-काहुले-चोयगा-काभ्रे-श्रृङ्गा सुन्तला क्षेत्रको रुपमा थप विकास गर्ने नीति लिईनेछ।

– अधिकांश नागरिकले कृषि पेशालाई मुख्य पेशाको रुपमा अंगालेको यस गाउँपालिकामा परम्परागत र निर्वाहमूखि खेति प्रणालीलाई आधुनिक कृषि प्रणाली तर्फ उन्मूख गर्दै कृषि उत्पादनमा मात्रात्मक र गुणात्मक बृद्धि गरी कृषिजन्य उत्पादनको आयातलाई न्युनीकरण गर्दै निर्यात बढाई कृषकको आय आर्जनमा बृद्धि गर्ने नीतिलाई निरन्तरता प्रदान गरिनेछ।

– कृषि तथा पशुपालन पेशालाई सम्मानित पेशाको रुपमा विकास गर्दै कार्यविधि बनाई व्यवसायिक किसानहरुलाई क्रमश: **"क", "ख" र "ग"** वर्गमा बर्गिकरण गरी कार्य प्रारम्भ गर्न अन्तिम चरणमा पुगेकाले लागू गरिनेछ।

– उत्कृष्ट किसान (क वर्ग) को मापदण्ड पुरा गर्ने किसानलाई "किसान पेन्सन" को व्यवस्था गरिनेछ। किसानको उमेर, उत्पादन कार्यमा लाग्ने समय, उत्कृष्ट बन्न गर्नुपर्ने उत्पादन र अन्य मापदण्ड बनाइएको छ।

– कृषि बि‌उ विजन, मल र औषधिहरुको आपूर्ति र नियमन गरिनेछ । व्यावसायिक कृषकहरुलाई आधुनिक औजारहरु उपलब्ध गराउँदै थप व्यवस्थित गरिनेछ।

– अर्गानिक खेतिलाई प्रोत्साहित गरिनेछ।

– छत्रकोट ५ मा **"ढुंगे देउराली वागवानी"** का लागि बजेट विनियोजन गरी कृषकहरु समेतको सहभागितामा वागवानी संचालन कार्यविधि बनाई वागवानीको कार्य प्रारम्भ गरिएको छ र यसले निरन्तरता पाउनेछ।

– कृषि र पशु विमा कार्यक्रम लागु गरिनेछ।

– दुध उत्पादनमा आधारित अनुदानलाई निरन्तरता दिंदै उत्पादनकै आधारमा अनुदान दिने तर्फ जोड दिइनेछ।

– उन्नत जातका पशुपालन गरी कृषकको आय आर्जनमा वृद्धि गर्ने नीति लिइनेछ।

– व्यावसायिक पशुपालनको मापदण्ड निर्धारण गरी उत्प्रेरणा, अनुदान र सहजीकरण गर्ने कार्य प्रारम्भ भइसकेको छ।

– भकारो सुधार गर्दा मूत्र जम्मा गर्ने सानो पोखरी अनिवार्य बनाउनुपर्ने नीति लिईन्छ जसले विषादी विस्थापन गरी अर्गानिक उत्पादनमा केही हद सम्म मद्दत पुग्नेछ।

– आ.व. ०७७/०७८ मा वडा नं. ३ र ४ मा भैंसी वितरण गरिएको र यसलाई निरन्तरता दिईनेछ।

- बाँझो जग्गा व्यवस्थापन गरी उत्पादनमा वृद्धि गर्दै रोजगारी सृजना गर्ने हाम्रो घोषित नीति अनुरुप हर्दिखोला करिडोरमा ५४ रोपनी जग्गाको चक्लाबन्दी गर्ने कार्य सम्पन्न भईसकेको र थप क्षेत्रमा हाल सम्म २७ रोपनी थप जग्गामा गरा सुधार गरिसकिएको छ । न्युनतम ५०० रोपनी बाँझो जग्गालाई उत्पादन हुने गरी स्थानीय सरकारको प्रत्यक्ष निर्देशनमा छत्रकोट विशिष्टिकृत कृषि तथा पशु सहकारी संस्थाको संयोजनमा प्रदेश र संघीय सरकार समेतको सहयोगबाट काम अगाडि बढिरहेको छ, यसलाई निरन्तरता दिईनेछ ।
- यस कार्यलाई क्रमशः खर्ज्याङ्ग खोला, क्रोधी खोला कोरीडोर हुँदै वडा नं. १, २ र ६ का बाँझो जग्गा भएका क्षेत्रमा विस्तार गर्दै लैजाने नीति लिईनेछ ।
- स्मार्ट कृषि गाउँ हुँगाको कार्य क्षेत्र बढाउने पर्ने आवश्यकता देखिन्छ ।
- रैथाने बाली प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- कृषकहरुलाई सुविधायुक्त कृषि ऋण उपलब्ध गराउन आवश्यकता अनुसार बैंकहरुसँग समन्वय गर्ने नीति लिईनेछ ।

## ३. शिक्षा

- छत्रकोटको आर्थिक उन्नतीको लागि योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पानमूलक जनशक्ति तयार गर्न र सबैको लागि रोजगारीको सिर्जना गरी गुणस्तरीय शिक्षा प्रदान गर्न एक **"शिक्षा सल्लाहकार बोर्ड"** समेत गठन गरी प्राविधिक शिक्षालाई सबै जनमानसमा समतामूलक र न्यायोचित पहुँच स्थापित गरिनेछ ।
- शिक्षा क्षेत्रको समग्र गुणस्तरको तीव्र सुधार गर्दै प्राविधिक शिक्षालाई विशेष जोड दिइदै आत्मवोध मा.वि. मा सिभिल इन्जिनियरिङ्ग ९ कक्षाबाट प्रारम्भ भएको र १२ कक्षा सम्म लैजाने एवं श्रृङ्गामा प्राविधिक शिक्षा संचालन प्रकृया अगाडी बढाइनेछ ।
- प्रत्येक माध्यमिक विद्यालयहरुमा पुस्तकालयको व्यवस्था प्रारम्भ भएकोमा थप व्यवस्थित गरिने छ ।
- शैक्षिक पूर्वाधार निर्माण र विद्यालय मर्मत सम्भारमा विशेष ध्यान दिइनेछ ।
- अङग्रेजी र नेपाली दुवै माध्यमबाट शिक्षण सिकाइको लागि आवश्यक व्यवस्था मिलाउदै जाने नीति लागु  गरेका छौं साथै निरन्तरता दिइने छ ।

- विद्यार्थीहरु विच **Learning by Doing** र असल पठन संस्कृतिको विकास गर्न आधुनिक सूचना तथा संचार प्रविधियुक्त डिजिटल विद्यालयको अवधारणा ल्याइनेछ।
- विद्यालयको भौतिक पक्षको सुधारमा विशेष ध्यान दिदै आएका छौं। प्रा.वि. तहामा १२, आधारभूत तहमा १६ र मा.वि तहमा २० कोठा न्यूनतम पुर्याउने कार्यलाई निरन्तरता दिईनेछ।
- शिक्षाको गुणस्तर वृद्धि र व्यवस्थापनमा सहयोग गर्न शिक्षा प्रेमि, शिक्षविद, प्राज्ञ, विश्वविद्यालयका विद्यार्थीहरु आदिलाई स्वेच्छिक स्वयं सेवा गर्ने अवसर प्रदान गरिने छ।
- **एक शिक्षक कक्षा एक शैक्षिक सामग्रीको** अवधारणा लाई व्यवहारमा लागू गरिनेछ।
- गाउँपालिका र विद्यालय बीच शैक्षिक गुणस्तर अभिवृद्धि एवं भौतिक संरचनागत पक्ष समेतको व्यवस्थापन र नियमन गर्न गरिएको ५१ बुँदाको प्रतिवद्धतालाई व्यवहारमा लागु गर्ने नीतिले निरन्तरता पाउनेछ। उक्त बुँदाहरु अद्यावधिक गर्दै लगिने छ।
- **एक विद्यालय एक योग शिक्षकको अवधारणा** अगाडी बढाइनेछ।
- सीमान्तकृत र विपन्न कुमाल, बोटे, मुश्लिम, दलित, उत्पिडित समुदाय र पढाइबाट बञ्चित भएका वालवालिकालाई पढाइ लेखाइको लागि थप उपयुक्त वातावरण सृजना गरिनेछ।
- उत्कृष्ट कार्य गर्ने विद्यालय व्यवस्थापन समिति, प्रधानध्यापक, शिक्षकहरुको कार्य उत्प्रेरणा बढाउने कार्य गरिने छ। साथै पुरस्कार र दण्डको नीतिलाई कडाइका साथ लागु गरिने छ।
- मापदण्ड अनुसार तोकिएको विद्यार्थी संख्या नपुगेका विद्यालयलाई दुर्गमता समेतको अवस्थालाई ध्यान पुर्याई गाभिने छ।
- वाल विकास सहजकर्ता र विद्यालय कर्मचारीहरुको उच्च मनोबल वृद्धि गर्ने कार्यक्रमहरु संचालन गरिनेछ।
- विपन्न परिवारको प्रतिभावान विद्यार्थीलाई छात्रवृति प्रदान गरी स्वास्थ्य एवं अन्य प्राविधिक शिक्षाका लागि सहयोग गर्ने नीति लिइनेछ।

### ४. खानेपानी तथा सरसफाई

- गाउँपालिका भित्रका प्रत्येक घरका भान्सा-भान्सामा सफा खानेपानी पुर्याउने कामको निरन्तरता दिईनेछ।
- ठूला खानेपानी आयोजना दौंघा, हुँगा, पल्लिकोट र धरमपानी हर्दिनेटा पानीका धारा अधिकांश स्थानमा पुगिसकेको छ।

- छत्रकोट वृहत खानेपानी छत्रकोट-५, खर्ज्याङ्ग र वडा नं. ३ को केही भाग समेट्ने गरी योजना डि.पि. आर. भई अगाडि बढिरहेको छ।
- खानेपानीका योजनाहरु संचालन गर्दा आवश्यकताको आधारमा सह लगानीको नीति यथावत रहनेछ।
- पानीका मुहान र स्रोत संरक्षणमा विशेष ध्यान दिइँदै सम्पन्न खानेपानी आयोजना उपभोक्ता समितिलाई हस्तान्तरण गरिनेछ।
- प्रत्येक घर परिवारलाई आफ्नो फोहर र बलेनी पानीको आफै व्यवस्थापन गर्न उत्प्रेरित गरिनेछ।
- छत्रकोट गाउँपालिकालाई पूर्ण सरसफाई युक्त गाउँपालिका बनाउनको लागि नीतिगत व्यवस्था विगतका वर्षहरुमा गर्दै आएको र स्व-कार्यान्वयनको लागि छत्रकोट लाई तीन क्षेत्रमा विभाजन गरी फोहेरमैला व्यवस्थापन समिति गठन गरी प्रकृया अघि वढाइएकोमा सम्वन्धित वडाका प्रतिनिधीहरुको सक्रियतामा उक्त समितिलाई क्रियासील बनाई पूर्ण सरसफाई युक्त गाउँपालिका बनाइनेछ।
- १०० घर भन्दा बढी उपभोक्ता भएमा सम्पन्न र नयाँ योजनालाई मर्मत सम्भार कोष स्थापनार्थ प्रति धुरीलाई रु १०० पर्ने गरी उपभोक्ता समितिको साझेदारीमा मर्मत संभार कोष खडा गर्ने नीति लाई दिगो खानेपानी तथा सरसफाई योजना वनाउने नीति लिएको छ। लिफ्टीङ योजनाको उपभोक्ताले वेहोर्ने खानेपानीको विद्युत महशुलमा १० प्रतिशत सहयोग गर्ने नीति लिईनेछ।

## ५. सिंचाई

- **"कृषिको मूल आधार सिंचाईको व्यवस्थापन"** को अभियानलाई सार्थकता दिन सिंचाई गुरु योजना बनाईनेछ।
- सिंचाई प्रणालीको निर्माण, संचालन र व्यवस्थापन गरी उपभोक्ताहरुसंगको सहकार्यमा मर्मत संभारको व्यवस्था मिलाइने छ।
- परम्परागत ढंगले सिंचित भई आएका जग्गाहरुमा कुलाको व्यवस्थापन गर्दै नयाँ सम्भाव्य योजनाहरुको पहिचान गरी अगाडि बढिने छ।
- सिंचाई क्षेत्रका साना मझौला र वृहत सिंचाई योजनाहरुको बर्गिकरण गरी व्यवस्थापन गर्ने नीति लिइने छ।
- रिडी खोला बाट मनभाक अँगाहा लिफ्ट सिंचाई पूरा गर्ने नीति लिईनेछ।

– बाँझो जग्गा व्यवस्थापन तर्फको सिंचाईमा यथेष्ट ध्यान दिईनेछ।

– खर्ज्याङ्ग खोलामा बोरिङ बाट पानी निकाली सिंचाई गर्ने प्रयत्न गरिनेछ।

– स्याङ्दी-बेल्टुङ सिंचाई कुलो निर्माणमा विशेष ध्यान दिईनेछ।

## ६. सडक, यातायात

– आ.व. २०७६/०७७ लाई सडक वर्ष घोषणा गरिएकोले ताग्ला-ताग्लामा मोटरबाटो पुर्याउने नीति लाई निरन्तरता दिएका छौं। छत्रकोट वडा नं. २, ४ र ५ मा टोल-टोलमा कच्ची मोटर बाटो पुगेको घोषणा गरिन्छ। वडा नं. १ र ३ मा ९० प्रतिशत टोल-टोलमा कच्ची मोटर बाटो पुगेको छ। अन्य सबै वडामा घोषणा गर्दै जाने नीति कायमै छ।

– ग ाउ ँपालिका भित्र सडकको वर्गिकरण निम्नानुसार मापदण्डम ा निर्धारण गर ी सकिएकोले यसै अनुसारका सडकहरु निर्माण गर्दै लगिन ेछ।

क) टोल स्तरीय सडक – ३ मीटर चौडाई

ख) स्थानीय सडक – ४ मीटर चौडाई

ग) ग्रामिण सडक – ५ मीटर चौडाई

घ) गाउँपालिका स्तरीय सडक – ६ मीटर चौडाई

ङ) अन्तर गाउँपालिका सडक – ८ मीटर चौडाई

– गाउँकार्यपालिका कार्यालय देखि सवै वडा कार्यालय सम्म पुग्ने मोटर बाटो फराकिलो पार्ने कार्य सम्पन्न गरिसकिएको छ। उक्त सडकहरुलाई क्रमश कालोपत्रे गरिने नीति लिइनेछ।

– छत्रकोट चक्रपथ निर्माण कार्य अगाडि बढिरहेको छ। आ.व. ०७८/०७९ मा समेत यसले निरन्तरता पाउने नीति लिईएको छ।

– दुर्घटना न्यूनिकरण गर्दै छत्रकोट गाउँपालिकालाई शुन्य दुर्घटना क्षेत्र बनाउने नीति लिएको छ। सडक स्तरोन्नती गर्ने, चुस्त सवारी साधनहरुको संचालन गर्ने ट्राफिक नियम सम्बन्धी होडीङ बोर्डहरु राखिनेछ र ट्राफिक नियम पालना गर्न गराउन सम्बद्ध पक्षको ध्यानाकर्षण गरिरहने नीति छ।

– भेंडुवा-गुन्टुङ-हुँगा-तोल्घा-सत्यवती मोटरवाटो, सातमुरे-लुम्छा सडकका साथै पिपलनेटा-धरमपानी-मानकोट-दौघा-फर्सवाटाकुरा मोटरवाटो कालोपत्रे प्राम्भका प्रकृयामा छन्।

- न्यूनतम २० प्रतिशत उपभोक्ताको साझेदारीमा न्यूनतम २ हजार मिटर पक्की नाली स्तरोन्नती गरी भल व्यवस्थापन गर्ने नीति लिईएको छ । खोला खोल्सीहरुमा न्यूनतम १०० स्थानमा ह्यूम पाईप वा कचवे बनाईनेछ ।

## ७. सेवा प्रवाह

- **"छत्रकोट वासीको  खुसी नै हाम्रो सन्तुष्टी"** भन्ने नारालाई व्यवहारमा उतार्न सम्भव प्रयत्न गरिनेछ ।
- **"भ्रष्टाचारमा शुन्य सहनशीलता"** को नीति अबलम्बन गरिनेछ ।
- पारदर्शिता, जवाफदेहिता, सहभागिता र कानूनको शासन जस्ता सुशासनका आधार स्तम्भहरुको आधारमा सेवा प्रवाहको प्रवन्ध मिलाइने छ ।
- नागरिक वडापत्र, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, घुम्ती सेवा, विद्युतिय शासन जस्ता सेवा प्रवाहका नविनतम आयामहरुलाई अधिकतम प्रयोगमा ल्याइने छ ।
- स्थानीय तहका कर्मचारी र जनप्रतिनिधिहरुद्वारा सेवाग्राहीलाई नयाँ तरिकाले सेवा प्रवाह गर्नका लागि आवश्यक सहजिकरण गरिनेछ ।
- अफठ्यारो तथा असहज अवस्थामा पनि जनताको सेवामा समर्पित हुने नै सार्वजनिक प्रशासन हो, त्यसकारण अनिवार्य उत्कृष्ठ कर्मचारी घोषणा कार्यक्रम एवं कर्मचारीको मनोवल उच्च राख्न प्रोत्साहन भत्ता, आन्तरिक भ्रमण, नविनतम तालिम लगायत आवश्यक अन्य व्यवस्थाहरु प्रबन्ध गर्ने नीतिको निरन्तरता रहनेछ ।
- गाउँपालिका भित्र रहेका संचार माध्यमबाट आवधिक रुपमा गाउँपालिका सम्बन्धी कार्यक्रम उत्पादन गरी प्रसारण गर्ने कामलाई निरन्तरता दिइनेछ ।
- एम.आई.एस. अपरेटर तथा फिल्ड सहायकको एक चौमासिकको पारिश्रमिक साझेदारी समावेश गरिनेछ ।
- सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली व्यवस्थित गर्न सम्बन्धित विभागबाट रकम नछुट्टिएकाले यसलाई व्यवस्थित गर्न यस छत्रकोट गाउँपालिकाबाट आवश्यक वजेट विनियोजन गरिनेछ ।
- सेवा प्रवाहलाई चुस्त-दुरुस्त बनाउन टोल टोलमा गुनासो पेटिका राखिनेछ ।

- करारका कर्मचारीलाई खाईपाएको पारिश्रमिकमा एकमुष्ठ कोषमा राखी प्रति महिना २०००।– (अक्षरुपी दुई हजार) र एम्बुलेन्स चालकलाई सरकारी सवारी चालकले पाउने सुविधा दिने नीति लिईएको छ।

## ८. लक्षित वर्ग

- महिला, वालवालिका, दलित, विपन्न वर्ग, आदिवासी जनजाति, अल्पसंख्यक, (वोटे, माझी, कुमाल, मुस्लिम) लगायतका लक्षित वर्गको लागि चेतना अभिबृद्धि, आय आर्जन, रोजगार तथा सीपमूलक कार्यक्रममा विशेष प्राथमिकता दिइने नीति यथावत राखिनेछ ।
- बालविवाह, बालश्रम, वहुविवाह निरुत्साहित गर्दै लगिनेछ।
- बालमैत्री तथा अपाङ्ग मैत्री कार्यक्रम ल्याइनेछ।
- एकल महिला र पुरुषलाई सहयोग गर्ने निती लिईने छ।
- बाल विवाह र छुवाछुत विरुद्धमा सचेतना दिने कार्यले निरन्तरता पाउनेछ।
- दलित समुदायका परम्परागत पेशा सरक्षण, प्रोत्साहन तथा आधुनिकिकरण कार्य (जस्तैः आरन सुधार) को प्रारम्भ गरिएको छ र यसलाई निरन्तरता प्रदान गरिनेछ।
- विपन्न परिवारका नवजात शिशुलाई जीवन विमा प्रारम्भ गरिनेछ।
- विधि पूर्वक गठित  महिला समुहलाई लघु उद्यम सञ्चालन एवं आयआर्जनका लागि वीउँ पुजी उपलब्ध गराइनेछ।

## ९. युवा तथा खेलकुद

- **"छत्रकोटको लागि खेलकुद, स्वास्थयको लागि खेलकुद"** भन्ने मूल नाराका साथ समय-समयमा **"अध्यक्ष"** कप खेलकुद गतिविधिहरु संचालन गरी विद्यार्थी एवं युवाहरुको सिर्जनशिलता र क्षमता अभिवृद्धिमा जोड दिईनेछ।
- **"युवालाई काम घरघरमा दाम"** नीति अनुरुप युवा लक्षित गतिविधि र युवा रोजगारीलाई विशेष प्राथमिकतामा राखी कार्यक्रम अगाडी बढाइने छ । रोजगार सिर्जना गर्नु आजको अपरिहार्य रहेको आजको यथार्थता हो । त्यसैले यहीं बाटो हिंड्ने नीति लिईनेछ ।  आ.व. ०७८/०७९ लाई "**युवा वर्ष**" को रुपमा घोषणा गरी काम अगाडि बढाईनेछ।
- ३०८ युवालाई उद्यमी तालिम रोजगारीको सिर्जना गरी स्वरोजगार बनाईनेछ। खेलकुदका लागि कर्भड हल थप खेलमैदान र युवा क्लवहरुलाई सामाजिक कार्यमा लाग्ने वातावरण बनाईनेछ।

- आ.व. ०७८/०७९ मा खर्ज्याङ्ग, बुढाचौर, श्रृङ्गा र हुँगामा कभर्ड हल निर्माण कार्य सम्पन्न गरिनेछ।
- अध्यक्ष सँग युवा (Youth with Chair) कार्यक्रम प्रारम्भ गरिनेछ।
- खेलाडीहरुको क्षमता अभिवृद्धि गर्ने नीति लिईनेछ।
- मा.वि. र आधारभूत तह सम्मको विद्यालयहरुमा खेलकुद शिक्षकहरुको व्यवस्था गरिनेछ।
- खेलकुद प्रवर्द्धन समिति गठन भई काम भईरहेको छ अझै प्रभावकारी बनाउँदै लगिनेछ।
- क्लवहरुलाई खेलकुद सामाग्री वितरण गरिएको र थप प्रोत्साहन गर्नै लगिनेछ। क्लवहरुले खेलकुद लगायत सृजनात्मक कार्यमा लाग्ने वातावरण बनाउने र क्लव विचको साझा संजाल निर्माण गरिनेछ।

## १०. संचार

- आवश्यकता पहिचान गरी संचार प्रविधि (Wi-Fi) लाई नागरिक समक्ष पुर्याउँदै लगिनेछ । नेटवर्क कमी भएको स्थानमा टेलिकमको ध्यानाकर्षण गरिनेछ।
- वडा र गाउँपालिकालाई प्रविधिमैत्री बनाईनेछ।

## ११. उर्जा

- सार्वजनिक स्थानहरुमा सोलार जडान गरी "**उज्यालो छत्रकोट**" अभियानलाई वृद्धि गर्दै लगिनेछ।
- छत्रकोट उर्जा प्लान बनिसकेको छ। बैकल्पिक उर्जा प्रवर्धन केन्द्र तथा अन्य सहयोगी दाताहरुको सहयोगमा उर्जा प्लानलाई लागू गर्न प्रयत्न गरिनेछ।

## १२. तथ्याङ्क अभिलेख

- गाउँपालिका क्षेत्रभित्र सम्पन्न भएका तथा चालू योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन गरिनेछ।
- छत्रकोट गाउँपालिका भित्र सबै घरधुरीको सर्वेक्षण गरी आय अवस्था यकिन गरिनेछ र प्रत्येक नागरिकको औषत आयको स्थिति पहिचान गरिनेछ।
- सम्पूर्ण सरकारी कार्यालयहरुको अभिलेख प्रणालीलाई व्यवस्थित बनाइनेछ।
- गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक, पुरातात्वीक महत्वका सम्पूर्ण विषयहरुको खोज गरी अभिलेखीकरण गरिनेछ।

- स्थानीय तहको सबै तथ्याक लिई सघीय सरकारको कार्यक्रम अनुसार गाउँपालिकाको सबै क्षेत्रको तथ्याक लिने र विगतमा भएका तथ्याकलाइ अध्यावधिक गदै जाने नीति लिइनेछ।

## १३. बजार व्यवस्थापन र आपूर्ति

- बजार व्यवस्थापन समितिहरुसँगको सहकार्यमा उपयुक्त मूल्यमा गुणस्तरीय सामाग्रीहरुको आपुर्तिको प्रवन्ध मिलाईनेछ।
- बजार अनुगमन गर्ने कार्यलाई नियमित बनाई उपभोक्ताको अधिकार सुनिश्चित गरिनेछ।
- स्थानीय वस्तुको प्रयोगमा प्राथमिकता दिने नीति लिइनेछ।
- स्थानीय उत्पादनको बजारीकरण, संस्थागत व्यवस्था र बजारको व्यवस्था गरिनेछ।
- वहु उत्पादन पशुधन तथा बजारीकरण तर्फ उन्मुख गराउन सहकारी संघसंस्थाको संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

## १४. वन, वातावरण र जैविक विविधता

- वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, खनिज पदार्थ, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी नीति कानून, मापदण्ड निर्धारण, योजना बनाई कार्यान्वयन र नियमन गरिने छ।
- जैविक विविधताको संरक्षण र सम्वर्दन गर्दै जैविक विविधतालाई आयआर्जनको माध्यमका रुपमा उपयोग गर्न स्थानीयसँग सहकार्य गरिनेछ।
- जडिवुटी खेती अभिवृद्धि गर्न वडा नं. २ को पल्लिकोट वडा नं. ५ र वडा नं. ३ को सपनडाँडामा जिल्ला वन कार्यालयसँगको सहकार्यमा टिमुर र अमला खेती गर्ने कार्य प्रारम्भ गरिनेछ।
- सम्भाव्यता अध्ययन गरी सामुदायिक वनहरुमा जडिवुटी खेती गर्न सामुदायिक वन उपभोक्ता समितिहरु सँग सहकार्य गरिनेछ।
- बाँदर लगायत वन्यजन्तुबाट कृषकलाई परेको प्रभाव न्यून गर्न प्रयत्न चलाईनेछ।
- विकास निर्माण कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिएर गरिनेछ। मोटरबाटोको किनारामा हरियाली प्रवर्दन गर्न वर, पिपल लगायतका वहुवर्षीय विरुवा रोपण कार्य अगाडी बढाइनेछ।
- रिजार्च पोखरीहरुको मर्मत तथा नयाँ रिजार्च पोखरीहरु निर्माण गर्ने कार्यलाई निरन्तरता दिइनेछ। वडा नं ३ को रानि पोखराको मर्मत र वडा नं ६ को स्वामीकारुख पोखरी यसै वर्ष मर्मत गरीएको छ।

- जलाधार क्षेत्र पहिचान गरि संरक्षण गरिने छ।
- सामुदायिक वन, धार्मिक वन, सरकारी वन र निजि वन संरक्षण गर्ने नीति लिईनेछ । वन व्यवस्थापनको दिगोपनमा ध्यान दिइनेछ। सामुदायिक उपभोक्ता महासंघको तर्फबाट छत्रकोटमा १ जना कर्मचारी सहित वन सम्बन्धी अध्ययन र अभिलेखन कार्य अगाडि बढेको छ।

## १५. सहकारी

- सहकारी ऐन बनिसकेकोले स ंस्था सम्बन्धी स्थानीय नीति, कानून निर्माण तथा विषयक्षेत्रगत मापदण्डको निर्धारण तथा कार्यान्वयन एवं नियमन गरिने छ।
- एक व्यक्ति एउटा मात्र विषयगत सहकारी संस्थाको सदस्य रहने व्यवस्था कार्यान्वयनका लागि अनुगमन तथा नियमनलाई प्रभावकारी गराइनेछ।
- सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय विषयगत, प्रादेशिक र स्थानीय सङ्घ सँस्थाहरुसँग समन्वय र सहकार्य गरिने छ।
- छत्रकोट भित्रका सबै सहकारीहरुको प्रतिनिधित्व हुनेगरी छत्रकोट विशिष्टिकृत कृषि तथा पशु सहकारी संस्था लिमिटेड बनाई बाँझो जग्गाको चक्लावन्दी गरी खेती गर्न प्रारम्भ गरिनेछ।

## १६. जेष्ठ नागरिक, अपाङगता र असक्त व्यक्ति व्यवस्थापन

- जेष्ठ नागरिक, अपाङगता भएका व्यक्ति, असहाय, बेबारिसे र असक्त व्यक्तिहरुलाई सहयोग र सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।
- जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई पुस्ता हस्तान्तरण गर्ने कार्यको थालनी गरिनेछ।
- अपाङगता भएका व्यक्तिहरुलाई अशक्तताको आधारमा चौमासिक रुपमा परिचयपत्र वितरण गर्ने कार्य गरिनेछ र वार्षिक रुपमा अपाङ्गता परिचय पत्रको नविकरण गर्ने व्यवस्था निरन्तर गरिनेछ । यस गाउँपालिका बाट शुरु गरिएको 'ग' र 'घ' वर्गका अपाङ्गता भएका व्यक्तिलाई गाउँपालिकाबाट सामाजिक सुरक्षा भत्ता प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

## १७. मानव संसाधन तथा रोजगारी

- प्रधानमन्त्री रोजगार कार्यक्रम र विकास निर्माण कार्य समेत वाट स्थानीय स्तरमा कैही मात्रामा रोजगारी सिर्जना गरिएको तथा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम र गाउँपालिकाले गरेका उत्पादनमा आधारीत अनुदान कार्यक्रम **ट्याक्टर, भकारो सुधार, पोखरी निर्माण, बाख्रा वितरण, खोर सुधार, विउ विजन** फलफूल विरुवा र बाझो जग्गा व्यवस्थापन गर्ने कार्यबाट रोजगारी सृजना भएको छ यसको निरन्तरता एवं थप सम्भावना हरु पहिल्याउदै अगाडि बढिनेछ।

- **"पालिकामै सीप पालिकामै रोजगारी"** भन्ने अभियानका साथ वैदेशिक रोजगारीबाट फर्केका, रोजगारीको खोजीमा रहेका युवा जनशक्तिको विवरण तथा उनीहरुमा भएको सीप र दक्षताको अभिलेख रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी उनीहरुलाई स्थानीय स्तरमा कृषि उद्योग तथा विकास निर्माणका कार्यमा आवद्ध गरी आय आर्जनमा जोड दिइनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी बन्दै गएकाले आगामी वर्ष उत्पादनमा जोडिने कार्यक्रमलाई प्राथमिकता दिईनेछ।
- प्रधानमन्त्री रोजगार कार्यक्रम मा मजदुरलाई पारिश्रमिक मात्र दिने व्यवस्था भएकाले सो कार्यक्रममा आवश्यक सामाग्री खरिद गर्ने र व्यवस्था गर्ने नीति लिएको छु।
- लगानी अभिवृद्धि तथा रोजगारी सृजना गर्दै उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन र सहजिकरण गरिनेछ।

## १८. विपद व्यवस्थापन

- विपद व्यवस्थापन सम्बन्धी योजना बनाई आई लाग्ने आपत्तिसँग व्यवस्थित ढंगले लाग्ने नीति कायमै राखिनेछ।
- विपद व्यवस्थापन कोषमा आवश्यक रकमको प्रबन्ध गर्ने कार्यले निरन्तरता पाउनेछ । स्थानीय विपद व्यवस्थापन कोषमा सहयोग गर्न इच्छुक व्यक्ति, संघ संस्थाहरुबाट सहयोग लिइने कार्य निरन्तर गरिनेछ।
- प्रत्येक वडामा रहेका स्वयंसेवक आकस्मिक उद्दार टोलिलाई आवश्यक तालिम र सामाग्रीको उपलब्धता गराइनेछ।
- पूर्वाधार विकास कार्यक्रम संचालन गर्दा विपद जोखिम संवेदनशिलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन र इस्टीमेट गर्ने व्यवस्था मिलाइनेछ।
- छिमेकी गाउँपालिका रुरुक्षेत्र, गुल्मीदरबार सँग साझेदारीमा दमकल खरिद गरी संचालनको लागि प्रयत्न गरिनेछ।
- रेडक्रस र सुरक्षाकर्मिलाई विपद व्यवस्थापनमा थप सक्रिय हुने वातावरण मिलाइनेछ।

## १९. भाषा संस्कृति कला

- सबै समुदायको भाषा सँस्कृतिको संरक्षण कलाको विकास र विशेष गरी अल्पसंख्यामा रहेका कुमाल बोटे र मुस्लिम सँस्कृतिको संरक्षण र उत्थान गरिनेछ।

- छत्रकोट भित्रका सरायँ नाँच, मारुनी, लाखे, देउसी, तिज गित, सोरठी, पन्चेबाजा, भजन, किर्तन लगायतका संस्कृती प्रर्वधन गर्ने निती लाई निरन्तरता दिइने छ ।
- वृद्धहरुलाई मन्दिरसँग जोडेर विश्रामस्थल नाचगान, भजन कृतन, छलफल गर्ने स्थानको रुपमा विकसित गर्दै लगिने छ ।
- छत्रकोट संग्रहालय वडा नं. ३, छेंडामा प्रारम्भ गरिएको र व्यवस्थित गर्दै लगिनेछ ।
- छत्रकोट मन्दिर समेतका अरु महत्वपूर्ण, ऐतिहासिक मन्दिर पौवाहरुको संरक्षण नीतिलाई निरन्तरता दिइनेछ ।

## २०. पर्यटन

- गुँड र खुदोलाई पर्यटकीय कोशेलीको रुपमा विकास गरिनेछ । स्थानीय मन्दिरबाट प्रसादको रुपमा यो प्रयोग गर्ने कार्य प्रारम्भ हुनेछ ।
- कृषि, पशु, धार्मिक, सांस्कृतिक केन्द्र तथा View Tower लाई पर्यटन सँग जोडी Eco-Tourism को अवधारणा ल्याइनेछ ।
- छत्रकोट क्षेत्र लगायत गाउँपालिका भित्रका सबै पर्यटकिय स्थान, मन्दिरहरुको, ऐतिहासिकता खोजी गरि पर्यटकीय आकर्षक गाउँपालिकाको रुपमा विकास गरिने छ ।
- छत्रकोट ४ दिगाम घलाममा निर्माणाधीन मौलीपोखरा ताल निर्माणको कार्य निरन्तरता दिदै उक्त ताल र वरिपरिको क्षेत्रलाई पर्या पर्यटकीय आकर्षक स्थानको रुपमा विकास गरिने छ ।
- स्थानीय क्लवसँग समन्वय गरी पर्यटन प्रवर्द्धन गर्न चोयगा साईकल रोडलाई सुचारु गरिनेछ ।

## २१. राजस्व

- सबैभन्दा बढी कर तिर्ने तीनजना नागरिकलाई पुरस्कृत गरिनेछ ।
- स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्धन गरिने छ ।
- करको दायरालाई फराकिलो बनाइने छ ।

## २२. सार्वजनिक सम्पत्ति संरक्षण

- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु प्रत्येक नागरिकको कर्तव्य भएकोले सो को संरक्षण गर्नु सबैको कर्तव्य हुनेछ ।
- गाउँपालिका भित्रका सार्वजनिक सम्पत्तिको अभिलेखिकरण गरी त्यसको संरक्षण गर्ने कार्यको निरन्तरता रहनेछ ।

- सार्वजनिक सम्पत्तिको दुरुपयोग गर्नेलाई सजांय र संरक्षण गर्नेलाई पुरस्कृत गरिने नीती लिईने छ ।

## २३. शान्ति सुरक्षा

- नेपाल प्रहरी, सशस्त्र प्रहरी लगायत सुरक्षा निकायहरुसँगको सहकार्यमा गाउँपालिका क्षेत्रमा शान्ति सुरक्षा कायम गरिने छ ।
- तास, जुवा तथा मदिरा नियमन गर्ने नीती लिईने छ ।
- नगर प्रहरी राख्ने नीतिगत निर्णय भएकाले आवश्यक बजेट विनियोजन गरी कार्यान्वयन गर्ने नीति लिईनेछ ।

## २४. उद्योग

- कृषिको उत्पादनलाई लघु, घरेलु तथा साना उद्योग तर्फ रुपान्तरण गर्नको लागि उद्यम विकास तालिम तथा एडभान्स तालिम प्रदान गरिनेछ ।
- दौंघामा प्रयाप्त ढुङ्गा भएकोले समुचित प्रयोगका लागि सम्भाव्यता अध्ययन गरिनेछ ।
- लघु उद्योग र प्रवर्द्धनको नीति लिईनेछ ।

## २५. भू-उपयोग नीति

- बैज्ञानिक र व्यवहारिक भू-उपयोग नीति अनुसार अगाडि बढिनेछ ।
- उत्पादनशील बाँझो जग्गालाई उत्पादन तर्फ लैजाने कार्यक्रम लाई अझ बढाइनेछ ।
- खर्ज्याङ्ग खोला सुरक्षा नियन्त्रण गरी उत्पादन बढाउनको लागि डि.पि.आर. तयार गरी अगाडि बढिनेछ । यस कार्यमा गुल्मीदरबार गाउँपालिकासँग साझेदारी गरिनेछ ।

## २६. आवास

- पक्की संरचना निर्माण गर्दा अनिवार्य रुपमा नक्सापास गर्नुपर्ने व्यवस्था गरिनेछ ।
- भुकम्प प्रतिरोधी भवन/घर निर्माण गर्ने नीति लाग ू गरिने छ । भुकम्प प्रतिरोधि घर निर्माणको लागि स्थानीय सिकर्मी डकर्मीहरुलाई तालिम दिने कार्यको निरन्तरता हुनेछ ।
- बोटे कुमाल लगायतका लक्षित वर्गहरुको आवास निर्माण कार्यलाई निरन्तरता दिइनेछ साथै सुकुम्बासीहरुलाई आवासको व्यवस्था गरिनेछ ।

## २७. वित्तिय सुशासन तथा उत्तरदायित्व

- सार्वजनिक खर्चलाई मितव्ययी, पारदर्शी र सार्वजनिक जवाफदेहीता बमोजिम अधिकतम उत्पादकत्व प्राप्त गर्ने गरी खर्च गरिनेछ।
- चौमासिक खर्चको लक्ष्य प्राप्तिमा जोड दिइनेछ।
- स्वअनुशासनद्वारा वित्तीय अनुशासन कायम- गरिनेछ। आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाइनेछ।
- सरकारी सम्पत्तिको संरक्षण गर्ने तथाअभिलेख व्यवस्थापन कार्यलाई व्यवस्थित गरिनेछ।
- उल्लेखित नीतिहरु नेपालको सविधान, सघ, प्रदेशको कानुनसगँ  नबाँझिने हद सम्म लागु हुनेछ।
- विगत केहि दिन देखि लगातार आइरहेको अविरल वर्षाको कारण छत्रकोटवासीमा पर्न गएको अतुलनीय क्षतिप्रति छत्रकोट गाँउपालिका गम्भिर छ, यस क्षतिले पारेको मर्कालाइ विशेष प्राथमिकता दिदै स्थानीय सरकार लागि रहनेछ।

## २८. विविध

- निजि सहकारी र सरकारी साझेदारी फर्महरु संचालन गर्ने नीति लिइनेछ।
- छत्रकोट गाउँपालिकाको योजनावद्ध विकासको लागि आवधिक योजना तथा २० वर्षे गुरु योजना बनाईनेछ।
- विद्युत आपुर्ति नियमन गर्न प्राधिकरण सगं समन्वय गरी प्रत्येक ट्रान्सफर्मर संग जोडिएका उपभोक्ता भेलाबाट विद्युत नियमन सहजिकरण समिति गठन गर्ने
- न्याय सम्पादन सुलभ र सहज होस भन्नेमा न्यायिक समितिको काम थप प्रभावकारी हुनेछ।
- गाउँपालिकाको आवश्यकताको आधारमा विभिन्न आयोग, सल्लाहकार समिति गठन गर्दै लगिनेछ , सल्लाहकार बोर्ड गठन भैसकेको र परामर्श गर्ने कार्यले निरन्तरता पाउनेछ।
- छिमेकी गाउँपालिकाहरुसँग मित्रवत सम्बन्ध कायम गर्ने तथा आपसी चासोका विषयहरुमा समन्वय र सहकार्य गरी अघि बढिने छ।
- नेपालको ७ प्रदेशका १/१ वटा गाउँ/नगर पालिकासँग मितेरी सम्बन्ध कायम गर्ने नीति लिए अनुरुप प्रदेश नं. ३ को टोखा न.पा.सँग मैत्रीपूर्ण सम्बन्ध स्थापित गरिसकिएको छ। यस्तो सम्बन्ध अन्य स्थानीय तहसँग समेत क्रमशः विकसित गर्दै लगिनेछ।

- छत्रकोटमा उत्पादित विशेष वस्तुलाई संग्रहालयमा राख्ने व्यवस्था गरिने छ ।
- पुरा हुन वाकि रहेका अधुरा योजना पूरा गर्ने नीति लिइएको छ ।
- कतिपय योजनाहरुमा विनियोजित रकम नपुग हुन गएकोहरुमा अपुग हुनका कारण सार्वजनिक गरी उक्त प्रतिवेदन सहित सम्बन्धित वडाको निर्णय समेत गरी गाउँपालिकामा पेश गर्नु पर्ने नीति अवलम्बन गरिनेछ ।
- स्थानीय सरकारको कामलाई नजिकबाट नागरिकले ध्यान पूर्वक हेरेका छन् भन्ने सच्चाईलाई आत्मसाथ गरी अघि बढिनेछ ।
- अन्तर सरकार समन्वय र अन्तर स्थानीय तह समन्वय गरी कार्य गरीनेछ ।

- आ.व. ०७४।०७५, ०७५।०७६ र ०७६।०७७ मा गरिएको कार्यमा छत्रकोटवासी र सरोकारवाला सबै पक्षले पुर्याएको सहयोग र सहायताको खुलेर प्रसंशा एवं सहयोग पुर्याउने सबैलाई सम्मान व्यक्त गर्दछु ।
- आगामी दिनमा छत्रकोटवासी सम्पूर्ण वुवाआमा दाजुभाइ दिदीबहिनीको सुख सम्वृद्धिको लागि भावी पुस्ताको निम्ति नमूना र सम्वृद्ध छत्रकोट बनाउन सम्बद्ध सबै पक्षबाट पूर्ण सहयोग हुने अपेक्षा र विश्वास लिएकोछु ।

धन्यवाद!!

**मधुकृष्ण पन्त**
अध्यक्ष
छत्रकोट गा.पा., गुल्मी

मिति: २०७८।३।१०